# गुठीसम्बन्धी ऐतिहासिक पत्र

— शङ्करमान राजवंशी

## परिचय—

**यहाँ** हाथोगुठी र सनाथगुठीबारेको ऐतिहासिक पत्र प्रस्तुत गरिरएको छ । हाथो भन्ने मुकुटरूप भैरव हो । त्यसलाई नेवारीमा हाथोद्य भन्छन् । जात्रामात्रामा यी हाथोभैरवको मुखमा घुसारेको टुटीबाट जाँडको धारा लगाई पूजा गर्छन् । यो कुरो इन्द्रजात्रामा हनूमानढोकाअगाडिका श्वेतभैरव र इन्द्रचोकका आकाशभैरवको मुखमा घुसारेको टुटीबाट जांडको धारा लगाएको हामी देख्छौं । जाँडलाई नेवारीमा 'थों' भन्दछन् । जाँडको धारा लगाउने हुनाले हाथों भनेको हो ।

यो हाथोगुठीपत्र उल्था गर्नाका लागि राष्ट्रिय अभिलेखालयमा आउँदा लिइराखेको नक्कल हो । यो पत्र ने सं ७०३ कार्तिकमा दानपति ल. पु. कोवहालका उल्लासमैती भलीले आफ्नो नाममा श्री रातो मछिन्द्रनाथ-को भैरवलाई छोडोलखेत ३ रोपनी र धुपेगालखेत ३ रोपनी ल. पु. तापावहालमा मछिन्द्रनाथको रथ पुगेपछि तापावहाललाछीको पाटीमा हाथोधारा लगाउन गुठी राखी गरिदिएको पत्र हो । यसको गुठियार दाताको सन्तान यछुवहालको जयनरसिं, जपत्वागछेत्राहालको जसु त्वायवहालको जसु धुपेगालखेत कमाउने हतगल छन् ।

## हाथोंगुठीपत्रको नक्कल

स्वस्तिश्री ।। अदे श्वेतवराहकल्पे वैवसोतमनंतरे ।। कलि-युगे प्रथमचरने जम्वुदीपे भरतखण्डे आर्यावर्तपुन्यस्थाने हेमवत्पादे पशुपतिसन्निधाने वासुकीक्षेत्रे वागमत्या दक्षिन कुले नेपालदेशांतरगतललितपत्तने इहैव पुन्यभूमौ ।। श्रेयोस्तु सम्वत् ७०३ साल कार्तिकमासे कृष्णपक्षे अमावास्यां तिथौ अनुराधानक्षत्रे सुक्रमयोगे वृहस्पतिवारसरे तत्दिने दानपति श्री कोवाहाल दुंथोवाहाल मौतागृह निवासिनी उल्लासमैती भलीसन नाम्नेन स्वहस्तेन स्वविद्यमानेन स्ववाचा प्रतिपंनीभूतेन भाषा छोडोलवु रोव ३ भुपेगालवु ३ जथा चतुराघाटेन परिव्यस्तीयते क्षेत्रं ।। श्रीवुगयातन भैरव छाक गोस्तो संप्रदत्तं स्वदत्तं वा परदत्तं वा यो हरेत् सुरविप्रयो हवृत्तिसंजायते वोद भूकर्म नाम युतायुतै भाषा थोते वुया वर्षप्रति ओवरनं ।।श्री वुगया नुगलजात्रा षुनु त्यात्वा याहाल लाछी यताफलेस हाथो हायके माल थोगोल नसी २ कायनफ नीयपेफा अजीथोगोल १ कीयन पेफा कलगु कीयनफ नसी २ स्यालव भी फं संन्या ।१५ फं साह्लया कायगु ।१० लादम् संग नसी १२ थोते दानवीस्ये अवीमाने अंजमाल दत्तमानेन परलषनं गोस्तिलोकनं भछ्या भोजन नये जुत थ्वतेया चीता याक जछुवाहालया दाताया संतान जयनरसिं जप्तत्वांगुछेवाहालया जषुतों त्वाये वाहालया जषुतों थोको माधपेगालवुव्याकह्म हतगल यायेमाल जुलो थोते अथोछित् हाथो हाचकं दानवीसे अंजनमाल जुलो ।। साछि सोपुत्र मेरभारो जोगो भारो पुत्र विश्वभारो त्रिभय दृष्ट शुभम् ।।

## हाथोंगुठीपत्रको अनुवाद

स्वस्तिश्री । आज स्वेत वराहकल्पमा वैवस्वत मन्वन्तरमा

कलियुगको प्रथम चरणमा जम्वुद्वीपमा भरतखण्डमा आर्यावर्त पुण्यस्थानमा हिमालको काखमा पशुपतिको नजिकै वासुकी क्षेत्रमा वाग्मतीको दक्षिण किनारमा नेपाल देशको अन्तर्गत ललितपत्तनमा यस पुण्यभूमिमा ॥ कल्याण होस् संवत ७०३ कार्तिक महीना कृष्णपक्ष अमावास्या तिथि अनुराधा नक्षत्र सुकर्म योग वृहस्पतिवारका दिन दानपति श्री कोवाहाल दुंथोवहाल यौतागृह वस्ने उल्लासमैती भलीले आफ्नो नाममा आफ्नै हातले आफ्नै अगाडि आफ्नै वचनले छोडोल खेत रोपनी ३ धुपेगाल खेत रोपनी ३ यथावत् ४ किल्ला मिलेको त्यो खेत श्री रातो मछिन्द्र जात्राको भैरवलाई राखियो । आफ्नो दत्त होस् वा अर्काको दत्त होस् देव ब्राह्मणकै दत्त जसले हरण गर्ला त्यसले दश हजार वर्षसम्म नरक भोग्नु पर्ला । यस खेतको आयस्ताले रातो मछिन्द्रको नुगल जात्राको दिन तापावाहाल लाछीको पाटीमा हाथोधारा लगाउनुपर्छ । जांड घडा २ किपनफ २४ पाथी, अजिथो जाँड घडा १ किपन ४ पाथी केराउ किपन २ पाथी स्यावजी १ पाथी सिद्रा पाथी ।१५ मासु ।२ दम्म यति दान गरी काम चलाउनू अनि दाता तथा गुठियार सबैले भक्षाभोजन गर्नू । यसको हेरचाह गर्ने यछुत्रहालको दाताको सन्तान जयनरसिं जयत्वागछे वाहालको जसु त्वायवंहालको जसु धपेगाल खेत कमाउने हतगल हुनुपर्छ । उनीहरूले पूर्वोक्त बमोजिम हाथोधारा लगाई दान गर्नुपर्छ । साक्षी आफ्ना पुत्र मेरभारो जोगभारो विश्व भारो तीनजना शुभम् ॥

सनाथ गुठी भनेको मृत्यु संस्कार गुठी हो। दायित्व नभएमा अनाथ हुन्छ । दायित्व भएमा सनाथ हुन्छ । मरेका मानिसको संस्कार गर्न जानेलाई सनाथ भएर जाने भनिन्छ । सनाथको अपभ्रंश सनान पनि भनी उल्लेख गरेको पाइन्छ। अहिले नेवारहरू त्यस सनाथ गुठीलाई सनागुठी मात्र भन्ने गर्छन् । यो गुठी प्रतिवर्ष गुठियारहरूको पालो पालो हुन्छ । गुठियारहरूले मृत्यु देवतालाई पूजा गरी सो गुठीमा भोज खान्छन् ।

यहाँ दिइएको सनाथ गुठीको ताम्रपत्र र ताडपत्र उल्था गर्नाका लागि राष्ट्रिय अभिलेखालयमा आउँदा लिइराखेका नक्कल हुन् । तिनमा ने. सं. ८४५ फागुनमा दानपति श्लकोवहालका इन्द्रराम भावो र तिनकी स्त्री लक्ष्मिनी मयीले थकाली गुनदेवको रोहवरमा तामाको तांप नामको करुवा १ र ५६ ओटा कटौरा गुठी राखी गरिदिएको तामापत्र हो । यसमा जम्मा ६ हरप लेखिएको छ। यहाँ यथावत् हरपमा मूल पाठ दिइएको छ । त्यसपछिको ने. सं. ८५३ फागुनमा पेदल खेत साढे १ रोपनी गुठीको भोजन खर्चको लागि गुठी राखी गरिदिएको ताडपत्र हो । यसमा जम्मा ४ हरप लेखिएको छ । त्यसलाई पनि यहाँ यथावत् हरपमा मूलपाठ दिइएको छ ।

## सनाथगुठीको ताम्रपत्रको नक्कल

(१) १ श्रेयोस्तु ॥ सम्वत् ८४५ फाल्गुण शुक्ल पूर्णमास्या तिथौ दानपति

(२) श्लकोवाहार यौतागृह इदराम भावो भार्या लक्ष्मीनी मयी व

(३) स्त्रीपुरुखन स्वहस्तेन सनानगुष्ठिनामे दुन्ताग्व १ सिजताडपौग्व

(४) ५६ माथखोला, गुनदेव थंकालि प्रमुखन थ्वतेस्यन लोभया

(५) काले ग्वब्राह्मनादि पञ्चमाहापातक राक जुरो साक्षि भ्रात्तदेव

(६) राम भावो शुभ ॥ शुभ ॥

## सनाथ गुठीको ताम्रपत्रको अनुवाद

कल्याण होस् । नेपाल संवत ८४५ फाल्गुन शुक्ल पूर्णिमा तिथिमा दानपति श्लेकोवाहालपश्चिमको घरका इन्द्रराम भार्या लक्ष्मिनी मयी यी स्त्री पुरुषले आफ्नै हातले सनानगुठी तामाको तांप नामको करुवा १ र ५६ ओटा कटौरा, गुनदेव थकाली प्रमुखको रोहवरमा राखियो इनीहरूले लोभ गरेमा गोब्राह्मणादि पञ्चमहापापलाग्ला । साक्षी भाइ देवराम भावो शुभ ॥

## सनाथगुठीको ताडपत्रको नक्कल

(१) स्वस्ति ॥ ॐ अद्य स्वेत वाराह कल्ये इत्यादि ॥ सम्वत ८५३ फाल्गुण कृष्ण नवम्या त्तिथौ पूर्व्वाषाढा नक्षेत्रे ॥ व्यतिपात योगे यथाकरण मुहूर्तले अंगाल

वासरे ।। मीनरासिगते सवितरि धनुराशिगते चन्द्रमसि ।। अस्मिपर्व्वदिणे दानपति श्लेको

(२) वाहाल लिविछे ननि यौतागृह इन्द्रराम भावोव भार्य्या लक्ष्मिनी मयी वन स्वहस्तेन दुन्ता येदल क्षेत्र रोव्र छित्या १ × यथा चतुलाघातेन पलि वेष्ठितं सनाथ ग्वष्ठी नामनेन दत्त स्वदत्तां परदत्तां वा जो हलेत सुरविप्रयो षष्ठीवर्षश्रहश्रानि विष्ठायां जायते क्रिमि ।।

(३) थ्वते वुया वर्षप्रति व्रशानन श्री ३ थानगणेश भट्टारका सके ह्म १ खा दयके माल दानपिन्ते थ्वतेको हाता यात बो १ त्वालजोल्व जोगि यात वो १ दानपिन्ते माल परसेष गुंथि भारो पनीसेन भख्या भोजन यायेने वो ज्ुरो थ्वतेया गोस्थि पिंछे

(४) कोसि थंकालि प्रमुखन सनाथ गुथि समूहसन रोभ मयास्यं चिन्ता यायमाल रोभ याकाले गोव्राह्मणादि पञ्चमाहापातक राक ज्ुरो रोभ मयाकाले उत्तोर ज्ुरो थ्वतेया साक्षि भ्रातापुत्र भागीराम भावो भ्रात्ते पुत्र वेखाराम भावो द्वयो दृष्ट ।। शुभ ।।

## सनाथ गुठोको ताडपत्रको अनुवाद

स्वस्ति ।। ॐ अद्य स्वेतवराह कल्प इत्यादि ।। नेपाल संवत् ८५३ फाल्गुण कृष्ण नवमी पूर्वाषाढा नक्षत्र व्यतोपातयोग ठीक मुहूर्तमा मंगलवारमा मीन राशिमा सूर्य धनु राशिमा चन्द्रमा भएको यस पर्वदिनमा दानपति श्लकोवाहाल लिविछे ननीको पश्चिम घरका इन्द्रराम भावो र भार्या लक्ष्मिनी मयीले आफ्नै हातले राखिएको पेदल खेत रोपनी साढे एक १।। साविक चार किल्लाभित्रको सनान गुठोको नाउँमा दत्त राखियो । आफूले राखेको होस् वा अरूले राखेको होस् देव ब्राह्मणको दत्त जसले हरण गर्लां त्यो साठी हजार वर्षसम्म विष्टामा कीरा भइरहला ।। यस खेतको प्रतिवर्षको आयस्ताले श्री ३ थान गणेश भट्टारकलाई कुखुरा १ चढाउनु पर्छ दानका लागि यस बमोजिल दाता-लाई वो भाग १ त्वालजन कुस्लेलाई वो भाग १ दिनुपर्छ बाँकी शेष गुठियारले भक्षाभोजन गर्नु यसका गुठीयार पिछेकोसिका थकाली प्रमुख भए सनान गुठी समूहले लोभ नगरी चलाउनु पर्छ लोभ गरेमा गोब्राह्मणादि पञ्चमहापाप लाग्ला लोभ नगरेमा उद्धार होला यसका साक्षी भाइका छोरा भागीराम भावो वेखाराम भावो दुइ शुभ ।।